मिति २०८१।५।२३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थान: तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मिति: २०८१।५।२३ गते।

बैठक बसेको समय: बिहान ११.०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंक बहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |



CamScanner

मिति २०८१।५।२३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | टोल टोलमा स्वास्थ्यकर्मी खटाउन केन्द्र निर्धारण गर्ने सम्वन्धमा। | स्वास्थ्य शाखा |
| २. | बालअधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि र पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि पारित गर्ने सम्वन्धमा । | महिला तथा वालवालिका शाखा |
| ३. | गाउँ शिक्षा अनुदान शिक्षक दरवन्दी स्थानान्तर गर्ने सम्वन्धमा | शिक्षा शाखा |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको नीति अनुसार पालिकामा बसोबास गर्ने टोलबासीहरुमा प्राणघातक क्यानसरजन्य रोगहरुसहितका अन्य रोगहरु देखिएकोले उक्त समस्याहरुको बेलैमा पहिचान गरी न्यूनीकरण गर्दै नागरिकको स्वस्थ्य रही जीउन पाउँने हक सुनिश्चित गर्नु पर्ने भएकोले टोल टोलमा स्वास्थ्यकर्मी खटाउन तपसिलका केन्द्रहरु निर्धारण गर्ने सर्वसम्मत पारित गरियो।

तपसिलः

क. वडा नं. १- तीरतीरे, लामीडाँडा, पताले, सिस्ने, लङ्गुर दोभान, झुङा, नर्कटे, खोरखोला र हात्तीसार

ख. वडा नं. २- साखाजोर, कदमे र डुडुवा स्कुल

ग. वडा नं. ३- छिलिङ्गबास, राम्चे, आधामारा, टाउकेडाँडा र बोक्से

घ. वडा नं. ४- आ.वि. दर्के, आ.वि. बाघथला, सोरा गाउँ, आ.वि.बालाजोर र आ.वि. सिम्ले

ङ. वडा नं. ५- तल्लो पचरङ्ग, बरबोटे, गुर्जेल, सानिटार ( शान्तिश्वरी प्रा.वि.), नर्कटे प्रा.वि., सम्पर्क वडा कार्यालय खपाङ्गीटार र भूतिया

च. वडा नं. ६- थुम्कीटोल, धाप, बेलभञ्याङ, प्रा.वि. अर्मले, आँपडाँडा, घ्याम्पा, प्रा.वि. हर्रभिञ्याङ र प्रा.वि. कोप्चे

छ. वडा नं. ७- प्रा.वि. सल्ले, प्रा.वि. पत्यानी र ध्रुवतारा प्रा.वि. पिपलडाँडा

ज. वडा नं. ८- प्रा.वि. गहते, आ.वि. तिल्पुङ डाँडा, आ.वि. जोगीडाँडा, प्रा.वि. जुके र प्रा.वि. लायोगाउँ।

झ. वडा नं. ९-झोलुङ्गे, डुम्रे, बेसीटोल, बाङरिङ ~~बस्ती~~ बेंसी प्रा.वि. डाँडा खर्क, चारघरे र तल्लो रिठे,

ञ. वडा नं. १०-प्रा.वि. अबल., आ.वि. लङ्गुरडाँडा, माथिल्लो पचरङ्ग, वड़ा कार्यालय र प्रा.वि. गोरभञ्याङ्

ट. वडा नं. ११- स्याङ्ती, आकासे, हलिडाँडा, गैरी र लाम्पनडाँडा

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकालाई बालमैत्री पालिका घोषणा गर्नका आवश्यक आधारहरु एवम् सूचकहरुको निर्माणको लागि संरचनागत र कार्यक्रमगत क्रियाकलापहरुका लागि कानूनी आधार आवश्यक भएकोले यस पालिकाको बालअधिकार संरक्षण तथा प्रवर्धन कार्यविधि पारित गर्ने सर्वसम्मत निर्णय गरियो। साथै पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको गाउँ शिक्षक अनुदान अन्तर्गतको वडा नं. १ को माध्यमिक विद्यालय, छरछरेमा पठाइएकोमा शिक्षक दरबन्दी त्यस विद्यालयलाई सङ्घीय अनुदान मा.वि. तहको दरबन्दी पठाइएको हुनाले उक्त दरबन्दीलाई वडा नं. ११ मा रहेको माध्यमिक विद्यालय हलिडाँडामा विद्यालयको निर्णयको आधारमा उक्त दरबन्दीलाई स्थानान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।